# परवानीपुर गाउँपालिका



# नीति तथा कार्यक्रम

## आ.व. २०८३/०८४

१८ औं गाउँ सभाको अधिवेशनमा उपाध्यक्ष श्री सुगान्धी देवी कनुईनज्यूको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री मुन्ना साह रौनियार ज्यूद्वारा प्रस्तुत

आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट

**परवानीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लिपनीमाल, बारा ।**

# परवानीपुर गाउँपालिको आ.ब. २०८३/८४ का बार्षिक नीति तथा कार्यक्रम

मिति २०८३/०३/०८ गते सोमबार

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरु,**

१. यस गरिमामय सभामा परवानीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा परवानीपुर गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण जनप्रतिनिधि बुद्धिजिवि, समाजको अगुवा, नागरिक समाज, समाजसेवी, राजनितिकर्ता, शिक्षक वर्ग, प्रतिनिधी, आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत कर्मचारी तथा सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२. सुन्दर, समुन्नत र समृद्ध परवानीपुर गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त परवानीपुर गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८३/८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध परवानीपुर गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

३. परवानीपुर गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, फोहरमैलाको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर परवानीपुर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण, शिक्षा स्वास्थय र कृषीलाई आधुनिकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

४. युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनबाट माथि उठन लागेको अर्थतन्त्र पुनः ईरान युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचन तथा महङ्गिले नेपाललाइ समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।

५. नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएको छ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

६. यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो परवानीपुर गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ।

७. सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन परवानीपुर गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ।

८. नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, स्रोहौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

९. सोह्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, परवानीपुर गाउँपालिकाको मध्यमकालीन खर्च संरचना, परवानीपुर गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ।

१०. गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा परवानीपुर गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो भने जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा परवानीपुर गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

११. परवानीपुर गाउँपालिकाको सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

१२. यस परवानीपुर गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ।

## चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण

- ✓ परवानीपुर गाउँपालिकाको अन्तर्गतका बिभिन्न कारणले छुट हुन गएका सडक क्षेत्रलाई निर्माण सम्पन्न गरिएको छ ।
- ✓ अधुरो नाला निर्माण कार्यहरुलाई सम्पन्न गरिएको छ।नाला निर्माण भई ढल निकासा उचित व्यवस्थापन गरिएको छ।

- ✓ परवानीपुर गाउँपालिकाका गाउँ क्षेत्र भित्र पर्ने भित्री साघुरो सडकलाई चौडा बनाई आवश्यक पूर्वाधार निर्माण गरिएको छ।
- ✓ खानेपानी व्यवस्थापनको डिप बोरिङ्ग जडान, निर्माधीन अवस्थामा रहेको खानेपानी संचालन तथा मर्मतलाई पूर्णता दिइएको छ।
- ✓ परवानीपुर गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ। परवानीपुर गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएको छ।
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई लाई गाउँपालिको योजनाहरुको सँग टाई अप गरी अभिकत्तम परिचालन गरी रोजगारी सिर्जनाको कार्य सम्पन्न गरिएको छ।
- ✓ यूवाहरुलाई क्रिकेट खेल प्रति आर्कषण बढाउन "सबै वडामा क्रिकेट प्रतियोगिता सम्मपन्न गरिएको छ।
- ✓ गाउँपालिकाको आफ्नै प्राशासकीय भवन निर्माण कार्य सम्पन्न भई २०८२ श्रावणबाट आफ्नौ भवनबाट सेवा प्रवाह भइरहेको छ।
- ✓ तालिम हलको निर्माण कार्य सम्पन्न भएको छ।
- ✓ परवानीपुर गाउँपालिकाका विभिन्न वडामा बोरिङ्ग जडान, कुलो नहर तथा पैनि सरसफाइ गराइएकोले सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ।जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ।
- ✓ कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ।
- ✓ विधालयमा डिजिटल प्रविधिबाट अध्यन्न सुरु गरिएको तथा बालविकास कक्षा बालमैत्री बनाइएको छ।
- ✓ विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता  बढेको छ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान व्यवस्थापन गरिएको छ।
- ✓ परवानीपुर गाउँपालिकामा कृषि सडक कजवे निर्माण भएको छ। तरकारी संकलन केन्द्र, संचालनमा आएको छ । कृषि सहकारी संस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएको छ।
- ✓ परवानीपुर गाउँपालिका भित्र रहेका धार्मिक  तथा सांस्कृतिक स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्ने कामलाई ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ।
- ✓ रोजगारी सृजना गर्न परवानीपुर गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ। यसबाट रोजगारी सृजना भएको छ।
- ✓ परवानीपुर गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ । मध्यकालिन खर्च संरचना कार्यान्वयन मा लयाइएको छ।
- ✓ राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा बृद्धि भएको छ। गाउँपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयबाट हस्तलिखित रसिद विस्थापन भई SuTRa बाट रसिद काट्ने व्यवस्था गरिएको छ।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभाध्यक्ष महोदय,

अब म आ. व. २०८३/८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

# १. सामाजिक विकास सम्बन्धी नीति

## १.१ शिक्षा सम्बन्धी नीति

१. शिक्षालाई सर्व सुलभ, गुणस्तरीय र जिवन उपयोगी बनाइने छ ।

२. विद्यालय शिक्षाको शासकीय सुधार गरि दिर्घकालिन मार्ग चित्र तयार गर्न गाँउ शिक्षा योजना निर्माणको कार्य सम्पन्न भइ सकेकोले त्यसलाई विद्यालय सुधार योजना संग जोड्दै चालु आ.व.मा परिमार्जनका लागि आवश्यक व्यवस्था मिलाइने छ।

३. पालिका सेवा क्षेत्र भित्रका सबै बालबालिकाहरुले आधारभूत शिक्षा पाउने व्यवस्था गरिने छ ।

४. संस्थागत-सामुदायिक विद्यालयहरुको साझेदारी कार्यक्रम लागु गरी संस्थागत विद्यालय र सामुदायिक विद्यालयको समन्वयमा शैक्षिक गुणस्तरमा अभिवृधि गरिने छ ।

५. पालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुमा प्रबिधि मैत्री बनाउन अझै स्मार्ट बोर्ड, डिजिटल सिकाई सामग्रीको प्रयोगमा निरन्तरता दिदै सोको प्रभावकारिताको लागि अनुगमन र नियमन कार्यमा समेत जोड दिइने छ ।

६. सामुदायिक विद्यालयहरुमा विद्यार्थी शिक्षक अनुपातको आधारमा थप शिक्षक र कक्षा व्यवस्थापन गरिने छ । साथै संस्थागत विद्यालयहरुमा पनि मापदण्ड बमोजिम आवश्यक पूर्वाधारको व्यवस्थापन गर्न लगाइने छ ।

७. चालु आ.व.मा वृति मार्ग निर्देशन कार्यक्रम मार्फत सामुदायिक विद्यालय कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको सर्वेक्षण गरि तिनीहरुको वृति निर्धारण गरि सोहीअनुसार तालिमको व्यवस्था गरि रोजगारीको अवसर प्रदान गरिनेछ ।

८. चालु आ.व. मा पालिका भित्रका १५-६० वर्ष उमेर समुह वा सो भन्दा माथिका निरक्षरहरुलाई सर्वेक्षणको आधारमा रहेका निरक्षरहरुको लागि साक्षरता कक्षा संचालन गरि न्युनतम मापदण्डको आधारमा ९५% पुरा गरेका वडाहरु/पालिका साक्षर घोषणा भइ चालु आ.व. २०८३/०८४ देखि सक्षरोतर कक्षाको लागि आवश्यक पहल गरिने छ ।

९. शैक्षिक सत्र २०८२ देखि श्री ने.रा.आ.बि. रहरियाडीहलाई अंग्रेजी माध्यममा बाल बिकास देखि कक्षा ६ सम्म अंग्रेजी माध्यमबाट कक्षा संचालन भइ रहेकोलाई चालु आ.व.मा निरन्तरता दिइनेछ । साथै भोजभगत माध्यमिक विद्यालयले शैक्षिक सत्र २०८२ देखि कक्षा ७ देखि १० सम्म विद्यार्थी संख्या बढी भएकोले २ सिफ्टमा विद्यालय संचालन हुदैको आएकोलाई सोको निरन्तरता दिदै र शिक्षक लगायतको व्यवस्थापनका लागि पालिका बाट आवश्यक बजेटको व्यवस्थापन गरिने छ ।

१०. अगामी आ.ब.मा कम्तिमा ३ विधालयलाई अङ्ग्रेजी माधयमबाट कक्षा संचालन गरिनेछ ।

११. विधार्थी अभिभावक तथा जनप्रतिनिधि सङ्ग सगै कार्यक्रम संचालन गरिनेछ।

१२. भोज भगत मा.बि. लाई पालिकाको नमुना विधालयको रुममा अगाडी बढाइनेछ।

१३. सबै विधालयमा विधार्थीहरुको लागी खेलकुदको लागी व्यवस्थापन सामाग्रीको व्यवस्थापन गरिनेछ ।

१४. अतिरीक्त क्रियाकलाप तथा अतिरिक्त कक्षाको व्यवस्थापन गरिनेछ।

१५. शिक्षक तथा विधालयको कर्मचारीको क्षमता विकासका तालिम संचालन गरि शिक्षालाई गुणस्तरिय तथा वैज्ञानिक बनाइनेछ।

## १.२ संस्कृति सम्बन्धी नीति

१. परवानीपुर गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

२. परवानीपुर गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृभाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

३. परवानीपुर गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

## १.३ युवा तथा खेलकुद सम्बन्धी नीति

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. अध्यक्ष क्रिकेट प्रतियोगिता तथा वडामा क्रिकेट प्रतियोगिता संचालन गर्नको लागि बजेट विनियोजन गरिनेछ ।

३. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

४. परवानीपुर गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

५. वडा नं. १ मा रहेको बुनियाद खेलकुद मैदानलाई गाउँपालिकाको मुख्य खेल मैदानको रुपमा पूर्वाधार विकास गरी राष्ट्रिय स्तरको खेल मैदान बनाउन प्रदेश र सघ सरकार सगं सहार्य गरि विकासित गरिनेछ।

## १.४ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति

१. **लैङ्गिक हिंसा (GBV) न्यूनीकरण कार्यक्रमः** घरेलु हिंसा, महिला हिंसा, दाईजो, बालश्रम र बालविवाह विरुद्ध शून्य सहनशीलता नीति लिई कार्यक्रम संचालन गरिनेछ।

२. **आपाङ्गता र ज्येष्ठ नागरिकः_** अपाङ्गता भएका व्यक्ति र ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको परिचय पत्र वितरण गर्न जनचेतनामुलक कार्यक्रम प्रचार प्रसार गराई वितरणमा सहजता प्रदान गरिनेछ।

३. **उद्यमशीलता र सीप हस्तान्तरणः** इच्छा र स्वास्थ्य स्थिति अनुकूल भएका ज्येष्ठ नागरिकहरूका लागि अनुभव आदानप्रदान कार्यक्रम वा परम्परागत सीप (जस्तैः हस्तकला, अमिलो-अचार बनाउने, डोरी बाट्ने आदि) हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरी उनीहरूलाई सक्रिय राख्ने साथै युवा पुस्ता र ज्येष्ठ नागरिकहरूबीच बुझाइको दुरी कम गर्न र ज्ञान हस्तान्तरणका लागि विद्यालय तथा समुदायस्तरमा "अन्तर-पुस्ता संवाद" (Inter-generational Dialogue) कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४. **आपाङ्गको प्रकृतिको** आधारमा सिप तालिम दिई आवश्यक मेसिन औजार/सामग्रीहरु वितरण गरी उनीहरुको जिविकोपार्जनमा सहजिकरण गरिनेछ।

५. **पहुँचयुक्त भौतिक संरचनाः** सरकारी भवन, विद्यालय, अस्पताल, सार्वजनिक यातायात, पार्क, खानेपानी, शौचालय र सडकहरूलाई अपाङ्गतामैत्री , बालमैत्री र ज्येष्ठ नागरिकहरुको सहजताका लागि (Universal Design र Ramp) सहितको संरचना बनाउने नीति लिइनेछ।

६. **बाल क्लब तथा बाल सञ्जाल गठन** र सुदृढीकरण गरी बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ। साथै नेपाल सरकारले लिएका सडक बालबालिका मुक्त अभियानमा विशेष पहल गरिनेछ।

## १.५ लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. हरेक वडामा एउटा बाल उद्यान निर्माण तथा खुल्ला पार्क अभियान संचालन गरिनेछ।

३. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

४. हिंसा मुक्त परवानीपुर गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

५. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

६. ऐतिहासिक कालदेखि दलित समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

७. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

## १.६ स्वास्थ्य सम्बन्धी नीति

१. मानवीय सूचकांकमा पछाडी परिएका मुसहर/दलित समुदायलाई स्वास्थ्य सम्बन्धि व्यवहार परिवर्तन गर्न मासिक रुपमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन गरिनेछ |

२. स्वास्थ्य संस्थाको गुणस्तर बृधि तथा नागरिकको स्वास्थ्य सेवामा विश्वास बढाउन स्वास्थ्य चौकीमा डाक्टर सहितको स्वास्थ्य सेवा संचालन गरिनेछ ।
३. विद्यालयमा अध्यनरत छात्र-छात्राहरुलाई स्वास्थ्य बारे सचेत गराउन नियमित विद्यालय स्वास्थ्य सचेतना कार्यक्रम संचालन गरिनेछ ।
४. मुस्लिम समुदायमा मातृ तथा बाल मृत्यू दरमा कम गर्न मुस्लिम समुदाय लक्षित जनचेतना कार्यक्रम संचालन गरिनेछ
५. गर्भवती महिला दिदि बहिनिहरुलाई गर्भ संग हुने जटिलताको समय मै पहिचान गरि आमा तथा नवजात शिशुको मृत्यू दर घटाउन स्वास्थ्य संस्थामा प्रत्येक महिना हुने ग्रामिण अल्ट्रासाउन्ड (USG) संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
६. चार पटक संस्थागत गर्भ जांच गराएका गर्भवती महिलाहरुलाई सरसफाई सम्बन्धि ज्ञान अभिबृधि तथा बानी बसाल्नका लागी सरसफाई सामग्री वितरण गरिनेछ ।
७. स्वास्थ्य संस्थाहरुलाई न्युनतम सेवा मापदण्ड अनुसार सेवा व्यवस्थापनमा सुधार गरिनेछ।
८. नागरिकको गुनासो तथा सल्लाह/सुझावको लागि सम्पूर्ण स्वास्थ्य संस्थामा उजुरी पेटिका र सुचना पाटि निर्माण गरिनेछ
९. नागरिकको स्वास्थ्यलाई ख्याल गर्दै निःशुल्क रुपमा स्वास्थ्य संस्थाबाट पाउने औषधिहरु नियमित आपूर्ति व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखिनेछ ।
१०. परवानीपुर गाउँबासीहरुलाई आफ्नो स्वास्थ्य सम्बन्धि चेकजांच गराउन सजिलो होस् भन्ने अभिप्रायले प्रादेशिक ल्याब लिपनीमाल तथा रामपुर स्वास्थ्य चौकीमा रहेको ल्याब संचालन कार्यलाई निरन्तरता दिइनेछ ।
११. सुर्तीजन्य पदार्थ तथा मध्यपान सेवन न्यूनीकरण गर्न सुर्तीजन्य पदार्थ तथा मध्यपान नियमन, नियन्त्रणका लागि बैठक, अनुगमनका साथै प्रचार-प्रसार कार्यक्रम संचालन गरिनेछ ।
१२. आमा समूह तथा महिला स्वास्थ्य स्वमंसेविकाहरुका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
१३. संक्रामक तथा महामारीजन्य रोगबाट बच्न खानेपानी र खाद्य गुणस्तर सुधारको लागि निगरानी कार्यक्रम संचालन गरिनेछ ।
१४. परवानीपुर गाउँपालिकालाई स्वस्थ्य गाउँपालिका बनाउन सरोकारवालाहरुको बैठक तथा छलफल संचालन गरिनेछ ।
१५. महिलाहरुको पाठेघरको मुखको क्यान्सरलाई समयमै पत्ता लगाउनका लागी प्रजनन रुग्नता स्वास्थ्य शिविर संचालन गरिनेछ।
१६. क्षयरोग सम्बन्धि जनचेतना अभिबृधि गर्न समुदायमा क्षयरोग सम्बन्धि सचेतना कार्यक्रम संचालन गरिन्छ ।
१७. स्वास्थ्य संग सम्बन्धित महामारी तथा आई पर्न सक्ने विपदको लागि तयारी अवस्थामा रहनका लागि महामारी व्यवस्थापन, RRT गठन (द्रुत प्रतिकार्य टोलि) गठन, परिचालन तथा सरोकारवालाहरुको बैठक संचालन गरिनेछ ।
१८. वातावरणीय स्वास्थ्य तथा जलबायु परिवर्तन सम्बन्धि सरोकारवालाहरुलाई बहस पैरवी कार्यक्रम संचालन गरिनेछ
१९. डेंगु तथा जापानिज ईन्सेफलाईटिस जस्ता किटजन्य रोगहरुको नियन्त्रणको लागि अभियान संचालन गरिनेछ ।

२०. महिला स्वास्थ्य स्वमंसेविकाहरुको कार्यको उच्च मुल्यांकन गर्दै प्रोत्साहन भत्तालाई निरन्तरता दिएको छ|
२१. स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्यकर्मीहरुलाई क्षयरोग सम्बन्धि ज्ञान र सीपमा अभिब्रिधि गर्न क्षयरोगमा काम गर्ने स्वास्थ्य कर्मचारीहरुलाई TB Modular Training को व्यवस्था गरिनेछ|
२२. Antibiotic औषधिको सहि प्रयोग गर्न स्वास्थ्य कर्मचारी तथा औषधि ब्यापारीहरुकोलागि Antimicrobial Resistant सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ|
२३. अध्यक्ष निरोगि कार्यक्रमलाई थप विस्तार गरि निरन्तरता दिइनेछ ।

## १.७ मेडेपा तथा नवप्रवर्तन सम्बन्धी नीति

१. स्थानिय स्तरमा रहेका घरेलु तथा साना उद्यम व्यवसाय गर्ने उद्यमीहरुलाई व्यवसायिक सीप विकास तालिम दिई अनुदान स्वरुप आवश्यता अनुसार केहि सामान/प्रविधि वितरण गरिनेछ।
२. मेडपा कार्यक्रमबाट संचालित लघु उद्यमी समुहहरुलाई पुन सक्रिय बनाई आवश्यकता पहिचान गरी स्तरोन्नती तालिम दिइनेछ।
३. स्थानिय स्तरमा रहेका उत्पादित वस्तुहरुलाई बिक्रि वितरण बढाउनका लागि बजारीकरणका लागि खास कार्यक्रमहरु संचालन गराइनेछ।
४. नवउद्यम गर्ने उद्यमीहरुलाई वितियमा पहूँच पुयाउनका लागि लघु वितिय संस्थाहरु संग समन्वय गराउने कार्यक्रम संचालन गराइनेछ।
५. यस परवानीपुर गा.पा. अन्तर्गत रहेका वडाहरुमा **एक वडा एक साना उद्योग** स्थापना गराइनेछ।

## १.८ सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति

१. राष्ट्रिय जनगनणा २०७८ अनुसार परवानीपुर गाउँपालिका मा २२.८ प्रतिशत व्यक्तहरुले घटना दर्ता नगराएकाले आ.व. २०८३/८४ सम्म यस पालिकामा विभिन्न जनचेतनामूल तथा अभिमुखीकरण कार्यक्रम संचालन गरी घटना दर्ता ९९ प्रतिशत प्रतिशत पुर्याइने छ ।
२. प्रत्येक वर्ष वैशाख १ गते देखी ७ गते सम्म व्यक्तिगत घटना दर्ता सम्बन्धी साप्ताहिक कार्यक्रम संचालन गरिनेछ ।
३. सामाजिक सुरक्षा भत्ता कार्यक्रम अन्तर्गत ७० वर्ष माथि अन्य जेष्ठ नागरिक,जेष्ठ नागरिक एकल महिला तथा विधवा महिलाहरुलाई सम्मान गरिनेछ।
४. अध्यक्ष बालिका उत्थान योजना तथा अध्यक्ष बालिका सगुन योजना आ.व. २०८३/८४ मा साबिक बमोजिम निरन्तरता दिइने छ।

५. अध्यक्ष बालिका उत्थान योजना तथा अध्यक्ष बालिका सगुन योजनामा बढी भन्दा बढी सहभागी तथा पहुँचको लागि पालिकको सबै वडाहरुमा जनचेतनामूलक अभियान र अभिमुखीकरण तालिम संचालन गरिनेछ।

## १.९ बहुक्षेत्रीय पोषण शाखा

१. बहुक्षेत्रीय पोषण योजना तेश्रो (MSNP-III) लाई प्रभावकारी कार्यान्वय गरिने छ र स्थानीय तहको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रणालीमा संस्थागत गरिने छ।

२. पालिका तथा वडा स्तरका पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरू तथा समन्वय सहजीकरण समितिलाई नियमित र प्रभावकारी रूपमा सञ्चालन गरिने छ।

३. पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन तथा घोषणाका लागि आवश्यक स्रोत र बजेट सुनिश्चित गरिने छ।

४. पोषणसम्बन्धी तथ्यांक व्यवस्थापन, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गरिने।

५. पोषण सुधारका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धि जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

६. गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा २ वर्षमुनिका बालबालिकाको पोषण सुधारलाई प्राथमिकता दिइने छ।

७. सुनौलो १००० दिन लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिने।

८. पोषणमैत्री स्वास्थ्य संस्था (NFHF) को स्थापना तथा विस्तार गरिने।

९. बाल वृद्धि अनुगमन, स्तनपान प्रवर्द्धन तथा पूरक आहार सम्बन्धी कार्यक्रम सञ्चालन गरिने।

१०. प्रत्येक घरधुरीमा करेसाबारी तथा पोषण बगैंचा प्रवर्द्धन गरिने छ।

११. स्थानीय पोषणयुक्त खाद्य उत्पादन, प्रशोधन र उपभोगलाई प्रोत्साहन गरिने छ।

१२. साना किसान, महिला तथा विपन्न परिवारलाई पोषण संवेदनशील कृषि कार्यक्रमसँग जोडिने छ।

१३. खाद्य तथा पोषण सुरक्षाका लागि कृषि विविधीकरण कार्यक्रम सञ्चालन गरिने छ।

१४. विद्यालयमा पोषण शिक्षा तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ।

१५. विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय तथा पोषणयुक्त खाद्य पदार्थको प्रयोगलाई प्राथमिकता दिइने छ।

१६. किशोरीहरूको पोषण तथा स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

१७. सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी कार्यक्रमलाई पोषणसँग एकीकृत गरी सञ्चालन गरिने।

१८. खुला दिसामुक्त तथा पूर्ण सरसफाइयुक्त समुदायको दिगोपन सुनिश्चित गरिने।

१९. १००० दिनका आमा तथा विपन्न परिवारका लागि आयआर्जन अनुदानलाई प्रभाकारी कार्यन्वयन तथा अनुगमन गरिने छ तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिने छ।

२०. महिला सशक्तीकरण तथा पोषण सुधारका लागि सीप विकास र उद्यमशीलता कार्यक्रम सञ्चालन गरिने।

२१. बालविवाह, किशोरी गर्भधारण तथा लैङ्गिक विभेद न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिने।

## २. आर्थिक विकास सम्बन्धी नीति

१. स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ। यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा परवानीपुर गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन।

२. नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिने छन।

३. यस परवानीपुर गाउँपालिका तथा मातहतका कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट संचालन गरिनेछ।

४. यस परवानीपुर गाउँपालिकाको आ.व.२०८३/८४ को आय-व्ययको आन्तरिक लेखा परीक्षण चौमासिक रुपमा गरिनेछ।

५. आन्तरिक लेखा परीक्षणले चौमासिक रुपमा औल्याएका कैफियत सम्बन्धित शाखा प्रमुख,कर्मचारीहरुबाट अन्तिम लेखा परीक्षण हुनुभन्दा अगाडि सम्परीक्षण गराई शून्य बेरुजु कायम गर्न प्रयत्न गरिनेछ।

६. महालेखा परीक्षकबाट खटने डोरलाई आ.व.२०८२/८३ को आय-व्ययको अन्तिम लेखा परीक्षण गर्न आवश्यक सहयोग एंवम् समन्वय गरिनेछ।

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति

१. व्यवसाय दर्ता तथा नवीकरण नगरेका व्यवसायीहरुलाई थप कडाइका साथ व्यवसाय दर्ता तथा नवीकरणमा जोड दिइनेछ । उद्योगी व्यवसायीहरुलाई थप आकर्षित गर्न विद्यमान नीति तथा नियम र नियमावलीमा संशोधन गरिनेछ ।

२. रोजगारी सिर्जनामा योगदान दिने साना उद्योगलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

३. परम्परागत सीपमा आधारित उद्योगको संरक्षण, प्रवर्द्धन र व्यवसायीकरणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

४. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) मार्फत श्रम सहकारीको अवधारणा अनुरुप युवाहरुलाई सहकारीमा आवद्ध गराई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

५. उपभोक्ता हित संरक्षणका लागि अन्य निकाय संगको सहकार्यमा बजार अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ।

६. मिसावट रहित स्वस्थ दैनिक उपभोग्य बस्तु उपभोग गर्न पाउने नागरिकको अधिकारलाई मध्येनजर राखी नगरवासीको चाहना बमोजिम दैनिक उपभोग्य वस्तु तथा सेवाको गुणस्तरीयता कायम गर्न बजार अनुगमनलाई थप व्यवस्थित गर्दै लगिनेछ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति**

१. पालिकाबाट प्रवाह गरिने सेवा तथा घरदैलो सेवाका निमित विभिन्न रोग/किराको नियन्त्रण तथा रोकथामका लागि जैविक/रसायनिक विषादीको उपलब्धता गराइनेछ।
२. माटोको उर्वराशक्तिमा सुधार तथा बालिको उत्पादनमा बृद्धि गर्नको लागि माटो जाँच गर्न लैब संचालनमा लयाइनेछ।
३. प्रत्येक वडामा १ दिने हुने गरि विभिन्न बालिमा लाग्ने रोग तथा किराको पहिचान तथा तिनका नियन्त्रणका निमित बालि उपचार शिविर संचालन गरिनेछ।
४. कृषि तथा पशुपालनमा आवध युवा तथा लक्षित वर्गका कृषकहरुलाई प्राङ्गारिक मल(गडयौला मल) बनाउन सिकाई रोजगारीको सृजना गराईने छ।
५. धान खेतिलाई प्रोत्साहन गर्नका निमित नेपाल सरकारले तोकेको मिति अनुसार असार १५ गते राष्ट्रिय धान दिवस मनाउने कार्यक्रम संचालन गरिनेछ।
६. वडा नं.१ र २ को सिमानामा रहेको कृषि उपज सङ्कलन केन्द्रमा चिस्यान केन्द्र, ग्रेडिंग, प्याकेजिंग र लेबेलिंग गर्ने सुविधा विस्तार गरिनेछ।
७. कृषि उपज सङ्कलन केन्द्रबाट सिधै कृषि उपज खरिद गर्ने व्यापारिलाई विभिन्न अनुदान जस्ता सहुलियत उपलब्ध गराइने छ।
८. कृषि कार्यमा निरन्तर लागेका कृषक समुहका लागि उन्नत विउ, मल, सिचाई जस्ता सेवा सुबिधामा प्रोत्साहन अनुदानको व्यवस्था मिलाइने छ।
९. माटोमा सुक्ष्म तत्वको ह्रास आउन नदिन प्राङ्गारिक मलको प्रयोगबाट प्रोत्साहन दिंदै दिगो कृषि उत्पादन प्रणालीमा प्रोत्साहन गरिनेछ।
१०. घर नजिक तथा बाझो जग्गालाई खेति तथा बारिमा रुपान्तरण गरि आफुले उत्पादित तरकारी उपभोग गर्नका लागि तरकारी मिनिकिट वितरण गरिनेछ।
११. पशुपालनमा दानाको खपत कम गरी उत्पादन बढाउनको लागी पोषिलो घासको विउ तथा वेर्ना वितरण गरिनेछ।
१२. नश्ल सुधार गरी दुध उत्पादन बढाउन कृत्रिम गर्भधारण कार्यक्रम गरिनेछ।
१३. प्रत्येक वडामा निःशुल्क शिविर संचालन गरीनेछ ।
१४. माहामारी रोग विरुध गाई/भैसी,बाख्राको भ्याक्सिनेसन कार्यक्रम गरिनेछ।
१५. पशुपालनमा उन्नत प्रविधिको विस्तार गर्नको लागी तालिम प्रदान गरिनेछ।
१६. दलित, एकल, वृद्ध तथा विधुवाहरुको जिविकोपार्जनको लागी कुखुराको चल्ला वितरण कार्यक्रम गरिनेछ।
१७. दुधालु गाई/भैंसीको लागी क्यालसियम वितरण गरी दुध उत्पादन बढाई आय आर्जन बढाइन्छ।
१८. कुपोषण, बारम्बार उलटी रहने, साढे/राङगो नखोज्ने समस्यालाई समाधान गर्नको लागि मिनिरल मिक्चर्स निःशुल्क वितरण गरिनेछ।
१९. पशुपन्छीहरुलाई नियमित रुपमा निःशुल्क उपचार गर्नका लागि डिस्पेन्सरी संचालन गरिनेछ।

२०. गाईभैंसी पालेको किसानलाई विभिन्न कारणबाट पशु मृत्यु हुदा आर्थिक नोक्सानी ब्यहोर्नु पर्दछ। तसर्थ आर्थिक क्षती न्युनिकरण गर्नको लागी पशुबिमा कार्यक्रम संचालन गरिनेछ।

## ग. सहकारी सम्बन्धी नीति

१. सहकारी संस्थाको गुणात्मक विकासका लागि जनसंख्याको अनुपातमा वित्तीय सहकारी संस्थाको संख्या कायम गरिनेछ । यसका लागी मौजुदा सहकारी संख्यालाई पचास प्रतिशतले कटौति गर्ने नीति अनुरुप सहकारी एकीकरण तथा प्राप्ति (Merger and Acquisition) लाई रणनीतिक ढंगबाट संचालन गरिनेछ। संस्थाको कार्यक्षेत्र भित्रको कुल जनसंख्याको १ प्रतिशत जनसंख्या समावेश नभएका सहकारी संस्थालाई एकीकरण सम्भाव्य सहकारीको रुपमा पहिचान गरी २०८३ माघ मसान्त भित्र सदस्य संख्या पुर्याउन वा एकीकरण प्रकृया थालनी गर्न समय दिइनेछ। उक्त समय भित्र सदस्य संख्या नपुर्याउने सहकारीलाई Force Merger मा लगिनेछ।
२. एक व्यक्ति एक विषयगत सहकारी नीतिलाई बढावा दिई एक स्थानीय तहमा संचालनमा रहेका समान प्रकृतिका विषयगत सहकारी संस्थामा दोहरो सदस्यता न्यूनीकरण अभियान संचालन गरिनेछ।
३. वर्तमान समयमा सहकारी क्षेत्रमा देखिएको समस्या निराकरणका लागी सहकारी ऐन तथा नियमावलीमा आवश्यक संसोधन गरी पालिका भित्र रहेका सबै सहकारीहरुको नियामकीय भूमिकालाई सशक्त बनाईनेछ।
४. पालिका क्षेत्रमा सहकारीद्वारा प्रवर्द्धित उपभोक्ता पसल/हाटबजारको विकास गर्न प्रोत्साहन गरिनेछ। पर्यटन तथा वातावरण सरसफाईका लागी श्रम सहकारीको स्थापना, लागत सहभागिता र प्रवर्द्धन गरिनेछ।
५. सहकारीताको माध्यमबाट वातावरण संरक्षण, सरसफाई तथा पर्यटन जस्ता क्षेत्रमा सहकारी स्थापना तथा संचालनमा वित्तीय साझेदारी गरिनेछ । सहकारी प्रवर्द्धन तथा संस्थागत सुदृढीकरण कार्यक्रम मार्फत नमुना सहकारी संस्था विकास कार्यलाई जोड दिईनेछ।
६. सहकारी तथ्यांक व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्युतीय सूचना प्रणालीको मापदण्ड कायम गर्दै सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीको यथोचित प्रयोग तथा व्यवस्थित र निगरानीमा कडाइ गरिने छ।
७. नेपालमा विद्यमान नमुना सहकारीहरुको कार्यशैली , नीति , बजेट तथा कार्यक्रम आदि अनुसरण गर्न सहकारीकर्मीहरुलाई अनुगमनमा लगिनेछ।
८. हरित उद्यम विकासको लागि नगर क्षेत्रका बाँझो तथा सार्वजनिक जग्गालाई लिजमा दिई सहकारी मार्फत नर्सरी प्रवर्द्धन, फलफुल, बहुवर्षीय नगदेवाली, तरकारी खेती तथा कृषि उपजमा आधारित उद्योग आदिलाई प्रवर्द्धन गरिनेछ।
९. संघीय सरकार, प्रदेश सरकार, अन्य निकाय, सहकारी अभियान तथा प्रारम्भिक सहकारी संस्थाहरु संगको सहकार्यमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।
१०. साधारण सभा हुनु अगावै प्रकृया थालनी गर्ने सहकारीलाई प्रकृयागत सहजीकरण गर्नुको साथै सोही आर्थिक वर्ष भित्र एकीकरण भई एकीकृत कारोवार संचालन गरेमा एकीकरण भएका सहकारी संस्थाहरुलाई विशेष ग्राह्यता का साथ् प्राविधिक सहयोग गरिनेछ।
११. सहकारी संस्थाहरुको नियमित अनुगमन तथा सघन अनुगमन, सहकारीहरुको जोखिम मूल्याङ्कनका पदाधिकारी तथा कर्मचारीहरुलाई आवश्यक तालिम उपलब्ध गराईनेछ।

## ३. सूचना, संचार तथा नवप्रवर्तन सम्बन्धी नीति

१. गाउँपालिकाका प्रशासनिक कार्यहरूलाई क्रमशः **ई-गभर्नेन्स प्रणालीमा आबद्ध** गर्दै कागजरहित कार्यालयको अवधारणा कार्यान्वयन गरिनेछ।

२. गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सिफारिस, दर्ता, राजस्व संकलन, गुनासो व्यवस्थापन लगायतका सेवाहरूलाई **अनलाइन प्रणालीमार्फत उपलब्ध गराउने व्यवस्था** मिलाइनेछ।

३. गाउँपालिकाको आधिकारिक वेबसाइटलाई अद्यावधिक गरी नीति, कार्यक्रम, बजेट, योजना, सूचना तथा सार्वजनिक सेवा सम्बन्धी विवरण नियमित रूपमा प्रकाशन गरिनेछ।

४. नागरिकको गुनासो, सुझाव तथा प्रतिक्रियालाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न **अनलाइन गुनासो व्यवस्थापन प्रणाली** सञ्चालन गरिनेछ।

५. साइबर जोखिम न्यूनीकरण तथा सूचना सुरक्षाका लागि साइबर सुरक्षा मापदण्ड लागू गरी नियमित **डाटा ब्याकअप र सुरक्षा व्यवस्थापन** गरिनेछ।

६. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी तथा सर्वसाधारण नागरिकका लागि **डिजिटल साक्षरता तथा सूचना प्रविधि सम्बन्धी क्षमता विकास** कार्यक्रम सञ्चालन गरिनेछ।

७. सामुदायिक विद्यालयहरूमा सूचना प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण निर्माण गर्न कम्प्युटर, इन्टरनेट तथा ICT प्रयोगशाला विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।

८. स्थानीय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन कृत्रिम बुद्धिमत्ता (AI), क्लाउड कम्प्युटिङ तथा नवीन सूचना प्रविधिको अध्ययन, परीक्षण तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।

९. सूचना प्रविधि क्षेत्रमा निजी क्षेत्र, शैक्षिक संस्था तथा विकास साझेदारहरूसँग सहकार्य गरी डिजिटल रूपान्तरणका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

१०. "स्मार्ट गाउँपालिका" अवधारणालाई कार्यान्वयन गर्न डिजिटल सूचना बोर्ड, विद्युतीय भुक्तानी प्रणाली, अनलाइन सेवा तथा प्रविधिमैत्री सार्वजनिक सेवाहरू विस्तार गरिनेछन्।

११. २०८२ भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनको घट्नाक्रमलाई मध्यनजर गर्दै पालिकामा रहेको कागजात तथा तथ्याङ्कलाई सुरक्षित राख्ने उदेश्यले File Server को व्यवस्था गरिनेछ र सबै आवश्यक कागजातलाई डिजिटल रुपमा भण्डारण गर्ने व्यवस्था मिलाईने छ।

१२. परवानीपुर गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयमा विद्यार्थीहरुको डिजिटल शिक्षा तथा सिकाईलाई अझै प्रभावकारी बनाउन Smart Interactive Board जडान गरिनेछ तथा शिक्षकहरुलाई Smart Board चलाउने तालिम प्रधान गरिनेछ।

१३. सबै सामुदायिक विद्यालयहरुमा अरु पालिका अन्तरगतको कार्यालयसंग संचारको माध्यमबाट जोडन IP Phone को व्यवस्था गरिनेछ।

१४. नेपाल सरकारबाट डिजिटल हाजिरी अनिर्वाय गरिएको अवस्थामा श्रावण १ गतेबाट कार्यान्वयनमा गर्न बाकी रहेका सामुदायिक विद्यालयमा पूर्णरुपमा सञ्चालनमा ल्याई १५-१५ दिनमा हाजिरी प्रमाणीत गरिनेछ।

१५. सिसिटिभि जडान गर्न बाकी रहेका सामुदायिक विद्यालयमा यस बर्ष सम्पन्न गरिनेछ।

१६. पालिका तथा पालिका अन्तर्गतका कार्यालयहरुमा बिजुली खपत दिन प्रति दिन बढदै गएको अवस्थामा खपत घटाउन आवश्यता अनुसार पारमपरिक Switch को ठाउँमा Smart Switch क्रमस प्रयोगमा ल्याईनेछ। यसको प्रयोगले २० प्रतिशतसम्म बिजुली बिल घटाउने अनुमान गरेको छु।

१७. तथ्य तथा तथ्याङ्कमा आधारित बनाईने कुनै पनि योजना/कार्यक्रमहरु विश्वासिलो र परिणाममुखी हुने भएकोले आगामि आर्थिक बर्षमा बजेट बिनियोजन गरि तथ्याङ्क संकलन कार्यलाई प्राथमिकतामा राखि कार्य अगाडी बढाईनेछ।

१८. नेपालको **सूचनाको हक सम्बन्धी ऐन, २०६४** तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१९. गाउँपालिकामा सूचना प्रवाहलाई व्यवस्थित, पारदर्शी, जवाफदेही तथा नागरिकमैत्री बनाइनेछ।

२०. सार्वजनिक सरोकारका सूचना समयमै प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था सुदृढ गरिनेछ।

२१. नागरिकको सूचनामा पहुँच सुनिश्चित गर्न सूचना अधिकारीको भूमिकालाई प्रभावकारी बनाइनेछ।

२२. सूचना प्रविधिको प्रयोगमार्फत सूचना व्यवस्थापन तथा अभिलेखीकरण प्रणालीलाई आधुनिकीकरण गरिनेछ।

२३. सार्वजनिक निकायको कामकारबाहीमा पारदर्शिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गरिनेछ।

२४. गाउँपालिकाबाट प्रवाह हुने सेवा तथा सूचनाहरु हरेक तैमासिक रुपमा प्रगति प्रतिवेदन स्वतःप्रकाशन (Proactive Disclosure) गर्ने पर्ने कानुनी व्यवस्था रहेकोमा गाउँपालिकाबाट नियमित रुपमा त्रैमासिक प्रगति प्रतिवेदन स्वतःप्रकाशन गर्ने गरिएकोमा त्यसलाई निरन्तरता दिईनेछ।

२५. स्थानीय तहमा नविनतम सोच तथा सृजनशिल कार्यलाई प्रोत्साहन गरिनेछ।

२६. विदेश बाट फर्केर आएका वेरोजगार युवा/युवतीलाई नवप्रवर्धनात्मक कार्यक्रममा सहभागी गराइनेछ।

२७. उद्मशिलता विकास, रोजगारी सृजना तथा उत्पादन वृद्धि गर्न नवप्रवर्तन कार्यक्रम संचालन गरिनेछ।

२८. स्थानीय आर्थिक विकासका लागि कृषि, पशुपालन तथा उद्यमशिलता विकास कार्यक्रमलाई संचालनमा ल्याइनेछ।

२९. उत्पादित बस्तुको सहज बजारिकरणको ब्यवस्था गरिने छ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ।

## ५. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति

१. कार्यप्रक्रिया पुनर्संरचना (Business Process Re-engineering: BPR) सम्बन्धी मार्गदर्शन २०८३ कार्यान्वयन गर्ने सो बमोजिम सम्पूर्ण सेवा प्रवाह सरल, छिटो, प्रभावकारी , गुणस्तरीय तथा परिमाणमुखी बनाउने।
२. नेपाल सरकारले स्वीकृत गरेको शासकीय सुधार सम्बन्धी १०० कार्यसूचिहरुको बुँदा नं १० मा उल्लेखिति बमोजिम यस गाउँपालिका अन्तर्गतका कार्यालयबाट प्रवाह हुने सेवामा पारदर्शिता, जटिलता तथा अनावश्यक प्रक्रिया कम गर्ने, सेवाग्राहीले अनावश्यक रूपमा कार्यालयमा पटक–पटक उपस्थित हुनुपर्ने अवस्थाको अन्त्य गर्ने तथा निर्णय प्रक्रियामा रहेको बहुस्वीकृत तहहरू घटाई बढिमा ३ तहमा सिमित गर्ने।
३. डिजिटल फाइल ट्र्याकिङ र ड्यासबोर्ड व्यवस्थित रुपमा लागू गरी सेवा प्रवाहमा एकद्धार प्रणाली लागु गर्ने।
४. सेवामा दोहोरो सिफारिस, अनावश्यक निवेदन,ढाँचा, फोटोकपी, प्रमाणित प्रतिलिपिको अनावश्यक माग, आन्तरिक रुपमा आँफै प्राप्त गर्न मिल्ने जानकारीहरु नागरीकबाट माग्ने प्रचलन हटाई सेवाग्राहीको समय, लागत र श्रमको बचत हुने गरी नागरिकमैत्री प्रशासनको विकास गरिनेछ।
५. कर्मचारीहरू तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि, कार्यसम्पादनमा उत्तरदायित्व तथा संस्थागत सुशासनलाई सुदृढ गरिनेछ।
६. कार्यसम्पादन सम्झौता तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
७. उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई सम्मान तथा प्रोत्साहन गरिनेछ।
८. कर्मचारीहरूको कार्यसम्पादन, सेवा प्रवाहको प्रभावकारिता तथा शाखागत समन्वय अभिवृद्धि गर्न प्रत्येक त्रैमासिकमा कर्मचारी समीक्षा तथा समन्वय बैठक सञ्चालन गरिनेछ।
९. उपभोक्ता समितिहरुलाई अभिमुखिकरण तालिम संचालन गर्ने।
१०. कर्मचारीको विदा, सरुवा, काज तथा व्यक्तिगत विवरण डिजिटल अभिलेखीकरण गर्ने।
११. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सार्वजनिक उत्तरदायित्वका कार्यक्रम नियमित सञ्चालन गरिनेछ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

### क. फोहोरमैला व्यवस्थापन, खानेपानी तथा स्वच्छता सम्बन्धी नीति

१. खानेपानीको देखा परेको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ।
२. संघ सरकार तथा प्रदेश सरकारसंग सम्न्वय गरी खानेपानीको दिर्घकालिन उपायको खोजि गरिनेछ ।तथा गाउँपालिका भित्र रहेका पानि टंयाकिको संचालनको लागि खानेपानी उपभोक्ता समिति गठन गराइ संचालनको लागि सम्बन्धित कार्यालयमा सम्नवय गरि संचालनको लागी बजेट विनियोजन गरिनेछ।

३. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार, पोखरी, डबरि र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।
४. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।
५. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।
६. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।
७. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।
८. शुन्य फोहर प्रणाली सरसपफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक) गरिनेछ।
९. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।
१०. घर-घरमा पालिएका घरपालुवा जनावरको दिशा पिसाबजन्य फोहोर सम्बन्धित धनिले घर भित्रै व्यवस्तापन गर्नु पर्ने छ। सार्वजनिक सडकमा ल्याई दिशा पिसाब गराएको पाइएमा कानून बमोजिम कार्वाही गर्ने नीति लिइनेछ।
११. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।
१२. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ। चौक चौक तथा बजार क्षेत्रमा पालिकाबाट डस्विनको व्यवस्थापन गरि फोहरमैलाको व्यवस्थापन गरिनेछ।
१३. खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिनेछ।

## ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

१. गाउँपालिकालाई सफा र स्वस्थ राख्न गुड्खाको बिक्री वितरणमा रोक लगाईनेछ र यस अभियानलाई सफलता दिलाउन र पालिकालाई सफा बनाउन टोल विकास संस्था, आमा समूहहरु, बाल क्लबहरु, युवा क्लबहरु, गैर सरकारी संघ संस्थाहरु आदिलाई परिचालन गरिनेछ।
२. हाल फोहोर बिसर्जन भईरहेको स्थान वडा नं. १ का प्रभावित जनताहरुको लागि स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
३. पालिकाक्षेत्र भित्रका सबै सडक नाला तथा सार्वजनिक शौचालयको नियमित सरसफाई गर्नुका साथै नगरलाई सफा राख्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
४. वडास्तरीय विपद व्यवस्थापन समितिहरुको क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ।
५. छिमेकी पालिकाहरुसँगको समन्वय र सहकार्यमा फोहोरमैला व्यवस्थापन केन्द्रको स्थापना र संचालनको लागि विशेष पहल गरिनेछ।

६. छाडा पशु चौपायाहरु नियन्त्रण तथा स्थायी समाधानको लागि कान्जी हाउस, गौसंरक्षण केन्द्रको स्थापना गरिनेछ।
७. नगरलाई Clean, Green and Eco-Friendly City को रुपमा विकास गर्ने नगरको नीतिलाई निरन्तरता दिईनेछ।
८. छिमेकी पालिकाहरुसँगको समन्वय र सहकार्यमा फोहोरमैला व्यवस्थापन केन्द्रको स्थापना र संचालनको लागि विशेष पहल गरिनेछ।
९. ध्वनि, वायु, जल, तथा माटो प्रदुषण आदिको नियन्त्रण तथा न्युनीकरणको लागि सम्बन्धित निकाय संगको समन्वयमा आवश्यक व्यवस्था मिलाईनेछ।
१०. विपद ब्यवस्थापनको लागि विभिन्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । सबै प्रकारका विपद् व्यवस्थापनको लागि विपद व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ।
११. पालिकाको सौन्दर्यता तथा वातावरण संरक्षण गर्ने उद्देश्यले घर सम्पन्न प्रमाणपत्र दिँदा घरधनीले चर्चेको जग्गा भित्र दुई रुख अनिवार्य भएको हुनुपर्ने नीति अबलम्बन गरिनेछ।
१२. वातावरणीय सन्तुलनलाई दिगो बनाउन पालिका क्षेत्र भित्र चालिस माईक्रोन भन्दा कमका प्लाष्टिकको प्रयोगलाई पूर्णरुपमा प्रतिबन्ध गरिनेछ भने अन्य प्लाष्टिकको प्रयोगलाई क्रमिक रुपमा निरुत्साहित गरी यस्ता सामाग्रीहरुको प्रतिस्थापन गर्ने सामाग्रीहरुको उत्पादनमा प्राथमिकता दिईनेछ।
१३. नेपाल रेडक्रस सोसाइटी संगको सहकार्यमा तातो हावाको लहर (लु) प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ।
१४. पालिकास्तरीय आपतकालिन उद्धार केन्द्र (LEOC) लाई साधन श्रोत सम्पन्न गराई संचालनमा ल्याईने छ।

## ७. रोजगार सिप तथा उद्यमशिलता केन्द्र सम्बन्धी नीति

१. गामी आ.व २०८३/०८४ मा सामी कार्यक्रमको निरन्तरता,
२. **शत प्रतिशत रकम साझेदारी :-** रास्ट्रीय रोजगार प्रवर्धनका कार्यक्रम अन्तर्गत आगामी आ.व २०८३/०८४ मा रोजगार आयोजना संचालनको लागि आएको जम्मा रकम बराबरको क्रियाकलाप कार्यान्वनको लागि **स्थानीय तहले कम्तिमा शत प्रतिशत रकम साझेदारी गरिने छ।**
३. बैदेशिक रोजगार सम्बन्धि सचेतना कार्यक्रम संचालन गरिनेछ।
४. “एक घर एक बोटबिरुवा अवाधरणा” ले वृहत वृक्षारोपन कार्यक्रम संचालन गरिनेछ।
५. स्वच्छ पालिका ,सुन्दर पालिका को निर्माण हेतु चौक चौक डस्टबिन,दिनहु सरासफाई संचालन गरिनेछ।
६. रोजगार सेवा केन्द्रमा कार्यरत प्राबिधिक सहायक र रोजगार सहायकको आ.व २०८३|०८४ मा पनि निरन्तरता दिदै पालिका को नियम अनुसार तलब भत्ता वापत रकम छुटयाउन बजेट बिनियोजन गरिने छ।
७. पालिकाको लागत साझेदारी रकमबाट कृषि बाटो निर्माण ,चौतारा निर्माण,सार्बजनिक सौचालय निर्माण ,बृक्षारोपन गर्नमा विशेष जोड दिइनेछ।
८. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

९. विपन्न, गरिब र दलित परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

१०. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि परवानीपुर गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

## ८. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति

१. टोल, बस्ती तथा वडा तहबाट प्राप्त योजनालाई प्राथमिकताका आधारमा छनोट गरी वार्षिक योजना तथा बजेटमा समावेश गरिनेछ।

२. क्रमागत आयोजनालाई प्राथमिकता दिई अधुरा आयोजना सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ।

३. विकास आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्राप्त प्रतिवेदनका आधारमा सुधारात्मक कार्य गरिनेछ।

४. आयोजना कार्यान्वयनमा पारदर्शिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षणलाई प्रभावकारी बनाइनेछ।

५. महिला, युवा, दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायलाई लक्षित योजनालाई विशेष प्राथमिकता प्रदान गरिनेछ।

६. योजनाको प्रभावकारिता मापन गर्न नतिजामुखी सूचक विकास गरी मूल्याङ्कन प्रणालीलाई सुदृढ गरिनेछ।

७. वातावरणमैत्री तथा जलवायु अनुकूल विकास योजनालाई प्राथमिकता दिइनेछ।

८. महिला, युवा तथा विपन्न समुदायको आयआर्जन र उद्यमशीलता प्रवर्द्धन गर्ने योजनालाई विशेष प्राथमिकता दिइनेछ।

९. विकास योजनामा सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा नतिजामुखी व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

१०. वातावरण संरक्षण, जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा दिगो विकासका सिद्धान्तलाई योजनामा मूलप्रवाहीकरण गरिनेछ।

११. महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका वर्गलाई लक्षित योजनालाई प्राथमिकता प्रदान गरिनेछ।

१२. स्थानीय आवश्यकतामा आधारित सहभागितामूलक योजना तर्जुमा प्रणालीलाई संस्थागत गरिनेछ।

१३. दीर्घकालीन, आवधिक तथा वार्षिक विकास योजनाबीच समन्वय कायम गरिनेछ।

१४. योजनाको छनोट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा जनप्रतिनिधि, नागरिक समाज तथा सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ।

१५. प्राथमिकताका आधारमा पूर्वाधार विकास योजना सञ्चालन गर्ने।

१६. सडक, खानेपानी, सिंचाइ, विद्युत् तथा सञ्चार पूर्वाधार विस्तार गर्ने।

१७. आयोजना बैंक (Project Bank) निर्माण गरी क्रमागत योजनालाई प्राथमिकता दिइनेछ।
१८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी योजना सञ्चालन गर्ने।
१९. स्थानीय स्रोत, सीप र प्रविधिको अधिकतम उपयोग गरिनेछ।

## ९. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति

१. चालु आ.व.सहित अगामी तीन आर्थिक वर्षसम्म राजस्व वृद्धि गर्नको लागि राजश्व सुधार कार्ययोजना तैयार भईसकेकोले प्राप्त सुझाव अनुसार पालिका तथा प्रत्येक वडाहरुमा कर संकलन अभियान तथा कर संकलनमा सहजता ल्याउने कार्यलाई नियमितता दिईने छ।
२. विधुतीय सूचना प्रणालीमा आधारित सुत्रमा आधारित राजस्व Module को पूर्ण प्रयोगद्धारा नै गरिनेछ।करदाताको सहुलियतको लागि सुत्र र Local Level Revenue Portal (LLRP) को अन्तर आबद्धता सहित राजश्व संकलन गरिने छ ।जनतालाई कर तिर्न गाउँपालिकाको कार्यालय मै आउनु पर्ने समस्याको पूर्णरुपमा समाधान गरि राजस्व संकलनमा सकभर Faceless का साथसाथै Cashless को अवधारणा अवलम्बन गरिनेछ।
३. राजश्व संकलनका लागि विभिन्न सरोकारवालाहरुसँग गरिएको साझेदारी सम्झौताको समीक्षा र पुनरावलोकन समेत गरिनेछ।
४. यस परवानीपुर गाउँपालिकाको लागि भरपर्दो कर प्रणाली घर बहालकर,व्यवसाय कर रहेकोले यस परवानीपुर गाउँपालिका क्षेत्रभित्रका धेरै जसो व्यवसायी तथा उधोगीहरुले पटक पटक अनुगमन तथा पत्राचार गर्दा पनि व्यवसाय दर्ता नगराएकोले त्यस्ता व्यवसायी तथा उधोगीहरुलाई वडा बाट गरिने सिफारिस लगायतका अन्य सेवा रोक्का गर्ने कार्यलाई यथावत राखि व्यवसाय दर्ता गराउन लगाईने छ।
५. यस परवानीपुर गाउँपालिकामा आ.व.२०८३/८४ देखि सम्पति कर लागु गरिने छ र सम्पति करको लागि गरिने जग्गाको मूल्याङ्कन कार्यलाई जग्गाको न्यूनत्तम मूल्यांकनको आधारमा कायम गर्ने नीति लिइने छ ।यसलाई स्थानीय स्रोतको मेरुदण्डको रुपमा विकास गरिने छ ।साथै घर संरचनाको मूल्यांकनलाई सामयिक परिमार्जन गरिनेछ।
६. राजश्व परामर्श समितिले दिएको प्रतिवेदनका आधारमा करका दरमा समायोजन,छुट तथा सहुलियत प्रदान गरिनेछ।
७. गाउँपालिका क्षेत्रभित्र रहेका कर योग्य क्षेत्रलाई करको दायरामा ल्याउने र करहरुलाई समय सापेक्ष बनाउदै करका दायरा फराकिलो बनाइनेछ।
८. कर प्रक्रियालाई सरलीकृत गर्दै सूचना प्रविधिको प्रयोग बढाई दक्ष र सुदृढ राजश्व प्रशासनको सुनिश्चितता गरिने छ।
९. एकल महिला र अपाङ्ग परिचय पत्र भएको परवानीपुर गाउँपालिकाको स्थायी बासिन्दा व्यक्तिको सम्पति कर,व्यवसाय कर मा पचास प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।
१०. महिलाको नामबाट व्यवसाय दर्ता तथा नवीकरण गराउदा निजलाई ५० प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

११. सबै वडाहरुलाई प्रविधि र प्राविधिकबाट जोड्दै सबै प्रकारका कर राजश्वहरु online प्रणालीबाट नै संकलन गर्ने व्यवस्था मिलाइनेछ।साथै राजश्व शाखा लगायत वडामा राजश्व संकलन गर्ने कर्मचारीहरुको क्षमता विकासका लागि तालिम,एक्सपोजर,ईन्सेन्टीभ लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

१२. वार्षिक १० प्रतिशतका दरले लाग्ने बहाल कर आ.व.२०८३/८४ को असोज मसान्तसम्म आ.व.२०८२/८३को घर बहालकर बुझाएमा जरिवाना नलाग्ने तर असोज पछि बुझाउनेलाई सम्पूर्ण बाँकी रकमको १० प्रतिशत जरिवाना लिई घर बहालकर असुली गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ र एक वर्षको अग्रिम घर बहालकर एकमुष्ट बुझाएमा ५ प्रतिशत छुट दिईनेछ।

१३. कृषि उपज व्यवसाय बाहेक फुटपाथ,साईकल,ठेला तथा घुम्ती व्यवसायहरुलाई करको दायरामा ल्याईनेछ।साथै व्यवसाय दर्ता नगरी व्यवसाय संचालन गरिरहेका व्यवसायीहरुलाई अनिवार्य व्यवसाय दर्ता गराई करको दायरामा ल्याईनेछ।

१४. घर बहालमा बसेका तथा बहालमा लगाएका सबै घरधुरीहरुको अधावधिक तथ्यांक संकलन गरी स्वचालित तथ्यांक अधार (Automated Data Base System) तयार गरी लागू गरिनेछ।

१५. यस गाउँपालिकाक्षेत्र भित्र आ.व.२०८२/८३मा सबैभन्दा बढी कर दाखिला गर्ने करदाताहरुलाई अगामी आ.व.२०८३/८४ मा सम्मान तथा पुरस्कृत गरिनेछ।

१६. यस परवानीपुर गा.पा.का १ देखि ५ वडाहरु मध्ये नियमित रुपमा राजश्व दाखिला गरी सबैभन्दा बढी राजश्व संकलन गर्ने वडा लाई सम्मान तथा पुरस्कृत गरिनेछ।

१७. यस परवानीपुर गाउँपालिका तथा यस मातहतका वडा कार्यालयमा राजश्व वृद्धि गर्नको लागि कर्मचारी तथा जनप्रतिनिधीहरुलाई राजश्व सम्बन्धी तालिम तथा गोष्ठीको आयोजना गरिनेछ।

१८. यस परवानीपुर गाउँपालिकामा रहेका उधोग,कलकारखाना,व्यापार,व्यवसाय तथा अन्य क्षेत्रबाट प्राप्त हुने राजश्व रकम समयमै दाखिला गर्नको लागि सबै वडाका विभिन्न टोलहरुमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

१९. यस परवानीपुर गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचारप्रसार आदिका लागि राख्न दिने साईनबोर्ड,ग्लोबोर्ड,स्टल आदिमा गाउँपालिकाको आर्थिक ऐन,२०८३/८४ बमोजिम विज्ञापन कर असुल गरिनेछ।

२०. गाउँपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, सांस्कृतिक प्रदर्शनहल, थिएटर,संगीत, मनोरञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक,पार्क जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिमको मनोरञ्जन कर लगाई असूल गरिनेछ ।

२१. परवानीपुर गाउँपालिकाको वडा नं.३ गुदरी बजारमा बनेको नयाँ सटरहरुको ठेक्का आव्हान भई नतिजा प्रकाशन भई दावी विरोधसँग सम्बन्धित प्राप्त निवेदनहरु छलफलको प्रक्रियामा रहेकोले प्रचलित कानून अनुसार अगामी आ.व.२०८३/८४ देखि भाडा लिने हिसाबले सम्झौताको प्रक्रिया अगाडी बढाईनेछ।

२२. भवन अभिलेखिकरण तथा नक्सापाससँग सम्बन्धित विभिन्न समस्याहरुलाई सम्बन्धित पक्षहरुसित छलफल गरी आगामी आ.व.मा सोसँग सम्बन्धित दररेट पुनरावलोकन गरिनेछ।

२३. जीवजन्तु, जडिबुटी र कबाडी कर संकलन सम्बन्धी ठेक्का र गुदरी बजारको बहाल बिटौरी कर संकलन सम्बन्धि ठेक्का आ.व.२०८३/८४ को लागि प्रचलित कानून बमोजिम लगाईनेछ।

## १०. गै.स.स. तथा निजी क्षेत्र सँग सम्बन्धी नीति

१. यस गाउँपालिकाभित्र सञ्चालन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवमं गैर सरकारी संस्थाहरुसँग सामाजिक विकासमा साझेदारी गर्दै ती संस्थाहरुलाई जवाफदेही र मर्यादित बनाउन पारदर्शि र व्यवस्थित रूपमा परिचालन गर्न NGO डेस्क स्थापना गरी सबै कार्यक्रमहरुलाई गाउँपालिका मातहतमा ल्याईनेछ।
२. गाउँपालिका सँग विकास र जनसेवामा साझेदारी गर्न चाहने राष्ट्रिय, अन्तराष्ट्रिय, गै.स.स. सँगको सहकार्यलाई उच्च प्राथमिकता दिई स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था समेतका आधारमा विकास गतिविधिमा गै.स.स. सँग सहकार्य गरिने छ। साथै अनुभव आदानप्रदान, असल सिकाई अवलम्बन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भगिनी सम्बन्ध कायम गर्ने नीति अवलम्बन गरिने छ। विकासमा सार्वजनिक निजि साझेदारी नीतिलाई वास्तविक कार्यनीतिमा परिणत गरिने छ, विकास निर्माणमा जनसहभागिता र निजि क्षेत्रको भूमिका समेत स्थापित गर्दै लगिनेछ।

## ११. अन्तर सरकारी समन्वय सम्बन्धी नीति

१. यस परवानीपुर गाउँपालिका संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनको पूर्ण पालना गरिने छ ।
२. परवानीपुर गाउँपालिकाकाद्वारा निर्माण गरिने कानुनहरु संघीय तथा प्रादेशिक कानुनहरु सँग नबाझिने गरी बनाईने छ।
३. अन्तर स्थानीय तहमा मार्फत योजना तथा कार्यक्रम संचालन गर्ने लागत साझेदारी गरिनेछ।
४. संघीय तथा प्रदेश सरकारबाट उपलब्ध हुने बिभिन्न अनुदानहरुमा कानुन बमोजिम लागत साझेदारी गरिनेछ र सोको लागि परवानीपुर गाउँपालिकाबाट म्याचिङ्ग फण्डको व्यवस्था गरिनेछ।
५. अन्तर स्थानीय तहमा समन्वय तथा सहकार्य गर्न सक्ने वियषहरुको पहिचान गर्न विभिन्न बैठक तथा गतिविधि संचालन गरिनेछ।

**अब म अगामी आर्थिक बर्ष २०८३/०८४ मा गरिने मुख्य मुख्य कृयाकलापहरु प्रस्तुत गर्दछु।**

- अधुरो रहेको विद्यालय भवनहरुको निर्माण सम्पन्न गरिने छ।
- करदाता सेवा गाउँपालिका बाट प्रवाह गरिने।
- भुमि प्रशासनको सबै सेवा यसै कार्यालयबाट दिने व्यवस्था मिलाईनेछ।
- वडा नं. १ रहेको नदी नियन्त्रणको कार्य सम्पन्न गरिने छ।
- लिपनीमालको गुदरी बजारमा सेडको दक्षिण तथा उतर साइडमा भवन निर्माण सम्पन्न गरिनेछ।
- वडा नं. ५ बहुअरी गाउँको मुख्य सडक तथा नाला निर्माण सम्पन्न गरिनेछ।
- वडा नं. ५ बहुअरीको थप विद्यालय भवन तथा वाल सम्पन्न गरिनेछ।
- गाउँपालिकामा क्षेत्रभरी नियमित सरसफाई सम्पन्न गरी फौहोरमैला विसर्जनको कार्य प्रारम्भ गरिनेछ।
- नवप्रवर्द्धनमा आधारित आर्थिक विकास कार्यक्रम संचालन गरिनेछ।

- कृषि विद्युतीकरण अन्तर्गत गाउँपालिका द्वारा कृषि मिटरको महसुल भुक्तानी अनुदान दिईनेछ। कृषि विद्युतीकरणको लागि तार पोल जडान कार्यक्रम सम्पन्न गरिनेछ।
- पालिका भरि खानेपानीको लागी जडान भएको डीप बोरिङ्गको लागी बोरिङ्ग संचालन तथा व्यवस्थापन समिति गठन भइ सरकारी मिटर जडान भए पश्चात विधुत महसुलमा सहुलियत पालिकाबाट दिनको लागी बजेट विनियोजन गरिने छ।
- महिला, अपाङ्ग, बालबालिका, ज्येष्ठ नागरिक, पिछडीएको क्षेत्र, दलित, माहादलित, मुस्लिम समुदाय लगायतको जिवनस्तर उकास्नको लागि लक्षित वर्ग कार्यक्रम सञ्चालन गरिनेछ।
- जिवन रक्षा कार्यक्रमको लागि रक्तदान कार्यक्रम सञ्चालन गरिनेछ।
- कर्मचारी तथा पदाधिकारीको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठि, सेमिनार तथा अन्तर जिल्ला र स्थानिय तह भ्रमणको लागी आवश्यक बजेट विनियोजन गरिने छ।
- उद्योग क्षेत्रको विकास तथा रोजगारीको अवसर श्रृजना गर्न निजि क्षेत्रसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरिने छ।
- हरित गाउँपालिकाको लागि बृक्षारोपण, विरुवा उत्पादन तथा नर्सरी व्यवस्थापन कार्यलाइ निरन्तरता प्रदान गरेको छु।
- गाउँपालिकावाट सम्पादन हुने कार्यहरु सुचना प्रविध मैत्रि वनाउनका लागि आवश्यक वजेट विनियोजन गरिने छ।
- महिला तथा वालवालिकाको स्वास्थ्य सेवा सुधार कार्यमा अहोरात्र खटिने महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाइ प्रोत्साहन गर्न प्रोत्साहन भत्ताको व्यवस्थाको व्यस्थापन गरिने छ।
- स्वास्थ्य चौकिमा कार्यरत डाक्टर, ल्याब टेक्निसियन तथा बर्थिङ्ग सेन्टरहरुमा कार्यरत अ.न.मी. र का.स.हरुको तलब भत्ताको लागी आवश्यक बजेट विनियोजन गरिने छ।
- विभिन्न दिर्घरोगी, प्रकोप तथा विपद पिडितहरुलाइ राहत प्रदान गर्न आवश्यक वजेट विनियोजन गरिने छ।
- विपद व्यवस्थापन कोष स्थापना तथा परिचालनको लागि आवश्यक वजेट विनियोजन गरिने छ।
- युवा तथा बालबालिकाहरुको क्षमता अभिवृद्ध गर्न खेलकुद समाग्री खरिद गरि वितरण गर्न वजेटको व्यवस्था गरिने छ।
- गाउँपालिकाको सडक, स्वास्थ्य, कृषि, प्राविधिक, शिक्षा गुरुयोजना तयार गर्न वजेट विनियोजन गरिने छ।
- ग्रामिण तथा कृषि विधुतिकरणका लागि बजेट व्यवस्था गरिने छ।
- न्यायिक समितिको काम कार्यवाहीलाइ अझ प्रभावकारी रुपमा सम्पादन गर्न बजेट विनियोजन गरिने छ।

**<u>आर्थिक २०८३/८४ को अनुमानित आय व्यय विवरण</u>**

**व्यय तर्फः**

अगामी आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ३६ करोड ६३ लाख १० हजार विनियोजन अनुमान गरेको छु । कुल विनियोजन मध्ये गाउँपालिका चालु खर्च लगभग ६०% तथा पूँजीगत तर्फ लगभग ४०% अनुमान गरेको छु।

**<u>आय तर्फः</u>**

अगामी आर्थिक बर्ष २०८३/८४ का लागि अनुमान गरिएको खर्च श्रोत व्यवस्थापन गर्न संघिय तथा प्रदेश सरकारको वित्तीय समानिकरण अनुदानबाट १० करोड २० लाख ६८ हजार, सशर्त तर्फ संघिय अनुदान रु. ११ करोड ६७ लाख, संघिय तथा प्रदेशको समपुरक तथा विशेष अनुदान रु.२ करोड ८३ लाख, संघिय तथा प्रदेश सरकारको राजश्व बाँडफाँडवाट ८ करोड ६ लाख ४३ हजार मात्र र नपुग हुने रकममध्ये रु. ३ करोड ६५ लाख ९९ हजार आन्तरीक श्रोत र २० लाख स्थानीय राजस्व बाँडफाँडबाट आय हुने अनुमान गरेको छु।

अन्त्यमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा अमुल्य सुझाव एवम् सहयोग पुर्याउनु हुने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, वडाका वडाध्यक्ष एवम् सदस्य ज्यूहरु, सबै राजनितिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, विषयगत समितिहरु, विषयगत कार्यालय, सुरक्षा निकाय एवम् सरकारी निकाय, गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, नागरिक समाज, आम गाउँपालिका वासी र गाउँसभा तयारीका लागि खटिने गाउँपालिका सबै कर्मचारीहरु प्रति अभार प्रकट गर्दै कार्यान्वयनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु।

उपाध्यक्ष श्री सुगान्धी देवी कनुईन को
तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री मुन्ना साह रौनियार
परवानीपुर गाउँपालिका, बारा।

मिति २०८३/०३/०८ गते सोमबार

# धन्यबाद।